# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
# मितिः २२ सितम्बर २०२६

समयः १८:५० - १९:०० बजे *(अवधि १० मिनट)*

**मुख्य समाचार**

- मुख्यमंत्री शुभेन्दु अध्किारी आज कूचबिहार अलिपुरद्वार तथा जलपईगुड़ीको भ्रमणमा हुनुहुन्छ। उहाँले कैयन कार्यक्रमहरूमा सहभागिता जनाउनुभयो।
- आदिवासी समाजको कम पूजा धार्मिक हर्ष उल्लासका साक्उत्तर बंगाल र दक्षिण बंगालका आदिवासी क्षेत्रहरूमा पालन गरियो।
- चुनाव आयोगले कैयंन राज्यहरूको विधानसभा सीटको उपचुनावको घोषणा गरेको छ। पश्चिम बंगालको दुई सीटमा १६ अक्टोबरको दिन मतदान गरिनेछ।
- पश्चिम बगालका क्याबिनेटमंत्री दिलीप घोषले आज सिलगड़ी रेगुलेटेड मार्केटको विकास गरिने घोषणा गर्नुभयो।
- मौसम विभागले आगामी दिनहरूमा पहाड़मा वर्षाको अनुमान व्यक्त गरेको छ।

**मुख्य मंत्री उत्तर बंग**

मुख्यमंत्री शुभेन्द अधिरी आज उत्तर बंगालको ळभ्रमणमा आउनु भएको छ। उहाँ आज कूचबिहारमा प्रसिद्ध मदनमोहन मन्दिरमा पुगी पूजा -अर्चना गर्नु भयो। उहाँको स्वागत उत्तर बंगाल विकास मंत्री निशिथ प्रमाणिक ले गर्नु भयो। उहाँले अलीपुरद्धार तथा जलपाईगुड़ी जिल्लाको पनि भ्रमण गर्नुभयो। उहाँले जलपाईगुड़ी जिल्लाम मूर्ती पूलको अद्घाटन गर्नुभयो। तता शुभासिनी चिया कमान मैदानमा , कालचिनीमा एउटा जनसभालाई संम्बोधित गर्नुभयो।

**मुख्यमन्त्री शुभेन्दु अधिकारी र मुकेश अम्बानीसित भेट**

पश्चिम बङ्गालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज सोशल मिडियामा बङ्गालमा औद्योगिक निवेश र रोजगारमाथि चर्चा सम्बन्धी एउटा पोस्ट गर्नु भएको छ। पोस्टमा लेखिएको छ, "उहाँले हिजो मुम्बईमा रिलायन्स इण्डस्ट्रीजका चेयरम्यान मुकेश अम्बानीको आवासमा उहाँसित भेट गर्नु भयो। यस भेटमा अम्बानी परिवारसित पश्चिम बङ्गालमा औद्योगिक विकासस निवेश र रोजगार सृजनाका सम्भावनाहरूमाथि चर्चा भयो।"
मुख्यमन्त्री शुभेन्दु अधिकारीले आफ्नो पोस्टमा बताउनु भयो, उहाँलाई मुकेश अम्बानीको आवासमा भगवान गणेशको दर्शन र पूजा-अर्चना गर्ने अवसर प्राप्त भयो। उक्त भेटमा पश्चिम बङ्गालमा औद्योगिक विकास र रोजगारका अवसरहरू बढ़ाउने सम्भावनाहरूमाथि पनि विचारहरूको आदान-प्रदान गरियो। मुख्यमन्त्री शुभेन्दु अधिकारीले भन्नु भयो, पश्चिम बङ्गाल यस्तो दूरदर्शी निवेशलाई स्वागत गर्नको लागि तयार छ जसबाट राज्यका युवाहरूलाई रोजगारको अवसर प्राप्त होस् अनि आर्थिक विकासले गति पाओस्। मुख्यमन्त्री शुभेन्दु अधिकारीले मुकेश अम्बानी, नीता अम्बानी लगायत सम्पूर्ण अम्बानी परिवारप्रति उत्साहपूर्ण स्वागत र आतिथ्यको निम्ति आभार व्यक्त गर्नु भयो।

**मुख्यमन्त्री- शरदिन्दु बन्द्योपाध्याय**

मुख्यमन्त्री शुभेन्दु अधिकारीले प्रसिद्ध साहित्यकार औ पटकथा लेखक शरदिन्दु बन्द्योपाध्यायको पुण्यतिथिमा उहाँलाई विनम्र श्रद्धाञ्जली अर्पण गर्नु भयो। उहाँले 'सत्यान्वेषी' व्योमकेश बक्शीका स्रष्टा शरदिन्दु बन्द्योपाध्यायलाई स्मरण गर्नु हुँदै

श्रद्धाञ्जली दिनु भएको छ। शरदिन्दु बन्द्योपाध्यायको जन्म 30 मार्च, 1899 मा उत्तर प्रदेशको जौनपुरमा भएको थियो। उहाँले कानूनको पढ़ाई गरेपछि केही समयसम्म वकालत गरे। पछि साहित्य र पटकथा लेखनलाई आफ्नो मुख्य क्षेत्र बनाए। वर्ष 1938 मा उनी मुम्बई गए अनि बम्बे टकीजको लागि पटकथा लेखे। वर्ष 1952-मा मुम्बई छोड़ेर पुणेमा बस्न थालेपछि उनी साहित्य साधनामा जुटे।
बङ्गाली साहित्यमा शरदिन्दु प्रमुख कथाकारहरूमा सामेल छन्। 'ब्योमकेश बक्शी' अतिरिक्त उहाँले ऐतिहासिक, सामाजिक औ अलौकिक विषयहरूमा पनि धैरै वटा रचनाहरू लेख्नु भएको छ। वर्ष 1932 मा पहिलो पटक ब्योमकेशको परिचय पाठकहरूसित भयो। 22 सेप्टेम्बर, 1970 मा शरदिन्दु बन्द्योपाद्यायको निधन भयो।

**करम पूजा**

आदिवासी जनजाति समुदायको महान् पर्व करम पूजाको पावन अवसरमा आज तराई डुवर्सको विभिन्न स्थानहरुमा पालन गरिएको छ| करम पूजाले आदिवासी जनजाति समुदायको मौलिक संस्कृति, परम्परा, प्रकृति संरक्षण तथा आपसी एकता र भाइचारालाई अझ सुदृढ बनाउने पर्वको रुपमा मनाइन्छ। यसको साथै करम देवताको आशीर्वादले सम्पूर्ण आदिवासी जनजाति समुदायको परिवारमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य र खुशीयालीको सबैले कामना गरेका छन्| उक्त पुजा सिलगडी , जलपाईगुडी, अलिपुरद्वार लगायत विभिन्न स्थानहरुमा पालन गरिएको छ |

**उप चुनावको कार्यक्रम घोषणा**

चुनाव आयोगले उत्तर प्रदेशका १० र उत्तराखण्डको एक राज्यसभा सीटका लागि द्विवार्षिक चुनाव तथा पश्चिम बंगालको एक सीटका लागि उप चुनावको कार्यक्रम आज घोषणा गरेको छ। सबै १२ सीटका लागि १६ अक्टोबरमा मतदान हुनेछ भने सोही दिन साँझ ५ बजीदेखि मतगणना गरिनेछ। आयोग अनुसार उत्तर प्रदेश र उत्तराखण्डका ११ राज्यसभा सीटका वर्तमान सदस्यको कार्यकाल २५ नोभेम्बरमा समाप्त हुँदैछ। यसमा उत्तर प्रदेशका १० र उत्तराखण्डको एक सीट समावेश छन्। उत्तर प्रदेशबाट कार्यकाल समाप्त हुने सदस्यहरूमा केन्द्रिय मन्त्री हरदीप सिंह पुरी तथा समाजवादी पार्टीका रामगोपाल यादवका साथै अरुण सिंह, बृजलाल, बीएल वर्मा, नीरज शेखर, गीता उर्फ चन्द्रप्रभा, रामजी, सीमा र दिनेश शर्मा रहेका छन्। उत्तराखण्डबाट नरेश बंसलको कार्यकाल पनि २५ नोभेम्बरमा समाप्त हुँदैछ। त्यसरी नै पश्चिम बंगालको एक राज्यसभा सीटमा रुक्मिणी मलिकले राजीनामा दिएपछि उत्पन्न आकस्मिक रिक्तता पूर्ति गर्न उप चुनाव गराउन लागिएको हो। निर्वाचन आयोगद्वारा जारी कार्यक्रम अनुसार चुनावको अधिसूचना २९ सेप्टेम्बरमा जारी हुनेछ र उम्मेदवारी दर्ता गर्ने अन्तिम मिति ६ अक्टोबर हुनेछ। उम्मेदवारी पत्रको जाँच ७ अक्टोबरमा हुनेछ भने उम्मेदवारहरूले ९ अक्टोबरसम्म आफ्नो उम्मेदवारी फिर्ता लिन सक्नेछन्। १६ अक्टोबरमा बिहान ९ बजीदेखि अपराह्न ४ बजीसम्म मतदान हुनेछ। मतदान समाप्त भएपछि साँझ ५ बजीदेखि मतगणना शुरु हुनेछ।

**मन्त्री दिलीप घोष - सिलगढ़ी रेगुलेटेड मार्केट**

उत्तर-पूर्व भारतका प्रमुख बजारहरूमा सामेल सिलगढ़ी रेगुलेटेड मार्केटको कायाकल्प गर्ने तयारी शुरू गरिएको छ। आज एक बैठक आयोजना गरिएपछि राज्यका पञ्चायत एवं ग्रामीण विकास तथा कृषि विपणन मन्त्री दिलीप घोषले बुनियादी ढाँचामा सुधार समेत केही योजनाहरूको जानकारी गराउनु भएको छ।
लगभग 50 एकड़मा फैलिएको बजारमा सड़क, जल निकासी, प्रवेश-निकास, पिउने पानी तथा सरक्षा व्यवस्थालाई उच्च स्तरीय बनाइनेछ। बजारमा फोहोर प्रसंस्करण केन्द्र, कोल्ड स्टोरेज तथा किसानहरू र ट्रक चालकहरूको लागि सुविधा विकसित गर्ने योजना पनि छ। बैठकमा प्याज र चीनीको अधिक मूल्यमाथि पनि चर्चा गरियो। मन्त्री श्री दिलीप घोषले बताउनु भयो, यसै महिना प्याज लगभग 35 रुपियाँ प्रतिकिलो र चीनी 50 रुपियाँ वा त्योभन्दा कम मूल्यमा उपलब्ध गराउने लक्ष्य राखिएको छ। यस अतिरिक्त बजारमा बिजुली-पानीको व्यवस्थामा सुधार, सौर ऊर्जा जड़ान गर्ने तथा सुरक्षा बढ़ाउने योजनामाथि पनि काम हुनेछ।

**मौसम**

पश्चिम बङ्गालमा वर्षाको सिलसिला कायम छ। मौसम विभाग अनुसार उत्तर अण्डमान सागरमाथि विकसित निम्न दबावको क्षेत्र अझ मजबुत भएको छ। यो आन्ध्र प्रदेश र ओडिशा तटतर्फ जाने सम्भावना छ। तथापि यसको प्रभावले पश्चिम बङ्गालका तटीय क्षेत्रहरूमा भोलि बुधवार र पर्सि बिहीवार वर्षाको गतिविधि बढ्नसक्छ। मौसम विभागले यस प्रणालीमाथि लगातार निगरानी राखिरहेको छ। उत्तर बङ्गालको अलिपुरद्वार, जलपाईगुड़ी र कुचबिहारमा भोलि बुधवारसम्म हल्कादेखि मध्यम वर्षा हुनसक्छ। बिहीवारदेखि उत्तर बङ्गालका पहाड़ी जिल्लाहरूमा फेरि घना वर्षा हुने अनुमान व्यक्त गरिएको छ। मौसम विभागले मेघ गर्जन, वज्रपात हुँदा खुल्ला स्थानमा नजाने तथा सुरक्षित पक्का भवनमा शरण लिने सल्लाह मानिसहरूलाई दिएको छ।

**********